# जोखिम युक्त रूखको व्यवस्थापन/ कार्यालय परिसरमा रहेका रूख हटाउने सम्वन्धी रहेको कानुनी व्यवस्था

वन नियमावली २०७९ (तेस्रो संशोधन २०८२) को नियम १० उपनियम १ देखि ७ र नियम ११ उपनियम १ देखि ४ मा तपसिलमा उल्लेखित क्षेत्रहरुको रुखहरु कटान गर्न तथा हटाउन डिभिजन वन कार्यालयको अनुमति लिनु नपर्ने, रुख भएको जग्गाको स्वामित्व भएकै कार्यालय वा निकायले आफै हटाउन सक्ने व्यवस्था गरेको छ।

- वन क्षेत्रभन्दा बाहिर जग्गाधनी प्रमाण पुर्जा भएका वा नभएका सरकारी कार्यालय, समिति, संस्थान वा अन्य कार्यालय परिसरमा जोखिम अवस्थामा रहेका रुख तत्काल नहटाएमा सो रूखबाट जनधनको क्षति हुने अवस्था देखिएमा उक्त रूख हटाउन सक्ने व्यवस्था गरेको छ।
- सम्बन्धित कार्यालय प्रमुखको संयोजकत्वमा स्थानीय तहको सम्बन्धीत वडाको प्रतिनिधी सदस्य र नापी कार्यालयको प्राविधिक कर्मचारी सदस्य रहेको समितिको सिफारिसको आधारमा सम्बन्धित कार्यालयले त्यस्तो रुख हटाउन सक्ने व्यवस्था गरेको छ।
- त्यस्तै वन क्षेत्र भन्दा बाहिर रहेका चौतारा, चौपारी, बिसौना, बाटो किनार, पानीको मुहान, धार्मिकस्थल वा यस्तै प्रकृतिको अन्य सार्वजनिकस्थलमा जोखिमको अवस्थामा रहेका रुख तत्काल नहटाएमा सो रूखबाट जनधनको क्षति हुने अवस्था देखिएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रुख हटाउन सक्ने व्यवस्था गरेको छ।
- त्यस्तो रुखको मुल्यांकन कम्तीमा राजपत्र अनंकित प्रथम श्रेणी वा सो सरहको वन सेवाको कर्मचारीबाट मुल्यांकन गराउनु पर्नेछ। डिभिजन वन कार्यालयले प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।
- यसरी सम्बन्धित कार्यालय तथा स्थानीय तहले हटाइएका रूखवाट प्राप्त वन पैदावार सम्बन्धीत कार्यालय वा सम्बन्धीत स्थानीय तहले सार्वजनिक सूचना प्रकाशन गरी लिलाम विक्रि गर्ने सक्ने साथै लिलाम विक्रीवाट प्राप्त रकम राजस्व खाताम दाखिला गर्नु पर्ने व्यवस्था गरेको छ।
- विक्री गरेको वन पैदावार ओसारपसार गर्नु परेमा सम्बन्धित कार्यालय वा सम्बन्धीत स्थानीय तहको सिफारिस बमोजिम ओसारपसार गर्न सकिनेछ। तर एक जिल्ला वाट अर्को जिल्लामा ओसार पसार गर्नु परेमा सम्बन्धित डिभिजन वन कार्यालयको टाँचा र सिल प्रयोग गर्नु पर्नेछ।

१०. **मूल नियमावलीको नियम ३६ मा संशोधन** : मूल नियमावलीको नियम ३६ को सट्टा देहायको नियम ३६ राखिएको छ :-

"३६. **जोखिमयुक्त रुखको व्यवस्थापन** : (१) वनक्षेत्रभन्दा बाहिर जग्गाधनी प्रमाणपुर्जा भएका वा नभएका सरकारी कार्यालय, समिति, संस्थान वा अन्य कार्यालय परिसरमा जोखिम अवस्थामा रहेका रुख तत्काल नहटाएमा सो रुखबाट जनधनको क्षति हुने अवस्था देखिएमा कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको वन सेवाको कर्मचारीबाट मूल्याङ्कन गराई सम्बन्धित कार्यालय प्रमुखको संयोजकत्वमा स्थानीय तहको सम्बन्धित वडाको प्रतिनिधि सदस्य र नापी कार्यालयको प्राविधिक कर्मचारी सदस्य रहेको समितिको सिफारिसको आधारमा सम्बन्धित कार्यालयले त्यस्तो रुख हटाउन सक्नेछ।

(२) वनक्षेत्रभन्दा बाहिर रहेका चौतारा, चौपारी, बिसौना, बाटो किनार, पानीको मुहान, धार्मिकस्थल वा यस्तै प्रकृतिको अन्य सार्वजनिकस्थलमा जोखिमको अवस्थामा रहेका रुख तत्काल नहटाएमा सो रुखबाट जनधनको क्षति हुने अवस्था देखिएमा कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको वन सेवाको कर्मचारीबाट मूल्याङ्कन गराई सम्बन्धित स्थानीय तहले त्यस्तो रुख हटाउन सक्नेछ।

(३) उपनियम (१) बमोजिम हटाइएका रुखबाट सम्बन्धित कार्यालयले प्राप्त गर्ने वन पैदावार र उपनियम (२) बमोजिम हटाइएका रुखबाट स्थानीय तहले प्राप्त गर्ने वन पैदावार सम्बन्धित कार्यालय वा सम्बन्धित स्थानीय तहले सार्वजनिक सूचना जारी गरी लिलाम बिक्री गर्न सक्नेछ । त्यसरी लिलाम बिक्री गरी प्राप्त रकम राजस्व खातामा दाखिला गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम बिक्री गरिएको वन पैदावार ओसारपसार गर्नु परेमा सम्बन्धित कार्यालय वा सम्बन्धित स्थानीय तहको सिफारिस बमोजिम ओसारपसार गर्न सकिनेछ ।

तर एक जिल्लाबाट अर्को जिल्लामा ओसारपसार गर्नु परेमा सम्बन्धित डिभिजन वन कार्यालयको टाँचा र सिल प्रयोग गर्नु पर्नेछ ।

(५) वन क्षेत्रभित्रको रुख प्राकृतिक कारणले ढली वा बगेर गई कुनै सार्वजनिक बाटो, लोकमार्ग,

विद्युत लाइन, खानेपानी, ढल निकास, कुलो वा खोला आदिमा अवरोध हुन गएमा सम्बन्धित निकाय वा स्थानीय तहले त्यस्तो रुख यथाशीघ्र हटाई सुरक्षित स्थानमा घाटगद्दी गरी डिभिजनल वन अधिकृतलाई जानकारी गराउनु पर्नेछ ।

(६) वन क्षेत्रभित्र रहेका विद्युत प्रसारण लाईन वा टेलिफोन टावर वा सडक आगमन वा हवाई सुरक्षाका दृष्टिकोणले जोखिममा रहेका रुखको हाँगा वा टुप्पो काट्नु पर्ने वा रुख नै हटाउनु पर्ने अवस्था भएमा सम्बन्धित आयोजना वा निकायले डिभिजनल वन कार्यालयलाई जानकारी गराई हाँगा वा टुप्पो काट्न वा रुख हटाउन सक्नेछ।

(७) उपनियम (५) वा (६) बमोजिम प्राप्त वन पैदावार डिभिजनल वन अधिकृतले यस नियमावली बमोजिमको प्रक्रिया पूरा गरी व्यवस्थापन गर्नु पर्नेछ।"

११. **मूल नियमावलीको नियम ३७ मा संशोधन** : मूल नियमावलीको नियम ३७ को सट्टा देहायको नियम ३७ राखिएको छ :-

"३७. **कार्यालय परिसरमा रहेका रुख हटाउने सम्बन्धी व्यवस्था** : (१) जग्गाधनी प्रमाणपुर्जा भएका सरकारी कार्यालय, समिति, संस्थान तथा अन्य कार्यालयको कार्यालय परिसरभित्र कुनै संरचना बनाउनु पर्ने भई त्यस्तो परिसरभित्र रहेका रुख हटाउनु पर्ने भएमा सम्बन्धित कार्यालय वा निकायले कम्तीमा राजपत्र

अनङ्कित प्रथम श्रेणी वा सो सरहको वन सेवाको कर्मचारीबाट मूल्याङ्कन गराई आफ्नो एक तह माथिको निकायबाट सहमति लिई हटाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको जग्गा वन क्षेत्रसँग जोडिएको भएमा नापी कार्यालयबाट नापजाँच गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम हटाइने रुखहरू सम्बन्धित कार्यालयले खड़ा रूपमा नै लिलाम बिक्री गरी वा कटान गरी उत्पादित वन पैदावारको लिलाम बिक्री वा व्यवस्थापन गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम लिलाम बिक्री गरिएको वन पैदावार ओसारपसार गर्नु परेमा डिभिजन वन कार्यालयको अनुमति लिई टाँचा र सिल लगाई ओसारपसार गर्नु पर्नेछ ।"